खण्ड ०३

भागः-०१

संख्या ०२

नगर सभावाट पारित मिति २०७७/१०/३०

# पचरौता राजपत्र

# पचरौता नगरपालिका स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७७

पचरौता नगरपालिका

बेनौली, बारा

प्रदेश नं. २, नेपाल

**पचरौता नगरपालिका**

**बेनौली, बारा**

# स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७७

**प्रस्तावनाः**

नागरिकलाई सर्वसुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम सरकारी, निजी, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्थापना हुने स्वास्थ्य संस्थाका सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा सञ्चालन गर्दा पालन गर्नु पर्ने मापदण्ड तथा स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रदान गर्ने प्रकृयालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ बमोजिम पचरौता नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "पचरौता नगरपालिका स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नती तथा सेवा थप सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि पचरौता नगरपालिका भर लागु हुनेछ ।

(३) यो कार्यविधि नगर सभा वाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "अनुगमन समिति" भन्नाले नगरपालिकाले गठन गर्ने अनुसूची १ बमाजिमको समिति सम्झनु पर्दछ ।

(ख) "अनुमति प्रदान गर्ने निकाय" भन्नाले पचरौता नगरपालिका भन्ने सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समेतलाई सम्झनु पर्दछ ।

(घ) "प्रादेशिक स्वास्थ्य संरचना" भन्नाले प्रदेशमा रहने स्वास्थ्य सम्बन्धि मन्त्रालय विभाग वा कार्यालयलाई समेत सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले पचरौता नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(च) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैर सरकारी अस्पताल वा सहकारी अस्पताल समेतलाई सम्झनु पर्दछ ।

(छ) "आयुर्वेद अस्पताल" भन्नाले आयुर्वेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएका नर्सिङ होम, पोलीक्लिनिक, पञ्चकर्म अस्पताल समेतलाई जनाउँछ ।

(ज) "गैरसरकारी अस्पताल" भन्नाले मुनाफा रहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनुपर्छ ।

(झ) "डाईग्नोस्टीक सेन्टर" भन्नाले निदानात्मक सेवाहरु जस्तैः प्रयोगशाला सेवा, रेडियो ईमेजिङ जस्ता सेवाहरु प्रदान गर्न कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनुपर्छ ।

(ञ) "निजी अस्पताल वा नर्सिङ्गहोम" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कम्पनी कानून बमोजिम स्थापना भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त निजी अस्पताल वा नर्सिङ्ग होम सम्झनुपर्छ ।

(ट) "पोलीक्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै संस्थाबाट कम्तिमा पाँचवटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियोईमेजिङ्ग, फिजियोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहु सेवा उपलब्ध गराउने संस्थाहरुलाई सम्झनुपर्छ ।

(ठ) "कन्सल्टेन्ट" भन्नाले सम्बन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उपाधि डिग्री वा डिप्लोमा प्राप्त गरेका वा तोकिए बमोजिमका विशेषज्ञ तालिम प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सक सम्झनुपर्छ ।

(ड) "सरकारी अस्पताल" भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएका वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनुपर्छ ।

स्पष्टीकरण : यस खण्डका प्रयोजनका लागि "आंशिक स्वामित्व" भन्नाले नेपाल सरकारको कम्तीमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनुपर्छ ।

(ढ) "सहकारी अस्पताल" भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उद्देश्यले सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताललाई सम्झनुपर्छ ।

(ण) "सामुदायिक अस्पताल" भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई सामुदायिक लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफा रहित उद्देश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताललाई सम्झनुपर्छ ।

(त) "स्वास्थ्य क्लिनिक" भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श, एक स्थानबाट पाँचवटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियो थेरापी, खोप सेवा, आँखा सम्बन्धि सेवा, दाँत सम्बन्धि सेवा, परिवार नियोजन जस्ता सेवा उपलब्ध गराउनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्छ र सो शब्दले निजी क्लिनिक, आयुर्वेद

तथा वैकल्पिक चिकित्सा सेवा तथा डाईटिक्स सेन्टर, घरैमा दिईने स्वास्थ्य सेवा र हस्पिस तथा प्यालिएटिभ हेरचाह केन्द्र समेतलाई जनाउँदछ ।

(थ) “स्वास्थ्य संस्था” भन्नाले यो कार्यबीधि वा प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल, पोलीक्लिनिक, स्वास्थ्यक्लिनिक, प्रयोगशाला जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था र सो शब्दले आयुर्वेद अस्पताल तथा क्लिनिकहरु समेतलाई जनाउँछ ।

(द) “पोषण केन्द्र” (Dietix Centre) भन्नाले पोषण सम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि यसै कार्यविधि वा प्रचलित कानून बमोजिम दर्ता तथा अनुमति प्राप्त संस्था सम्झनुपर्छ ।

(ध) “घरैमा दिईने स्वास्थ्य सेवा” (Home base Care) भन्नाले बिरामीहरुका लागि निजहरुको घरमा नै गई आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयोजनको लागि यसै कार्यविधि वा प्रचलित कानून बमोजिम दर्ता तथा अनुमति प्राप्त सस्था सम्झनुपर्छ ।

(न) “हस्पिस तथा प्यालिएटिभ सेवा” (Hospice and Palliative care) भन्नाले उपचारबाट निको नहुने रोग लागि मृत्युको मुखमा पुगेका व्यक्तिहरुलाई स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयोजनको लागि यसै कार्यविधि वा प्रचलित कानून बमोजिम दर्ता तथा अनुमति प्राप्त संस्था सम्झनुपर्छ ।

(प) “भवन संहिता” भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहितालाई सम्झनुपर्छ ।

(फ) “भवन निर्माण मापदण्ड” भन्नाले भवन निर्माण सम्बन्धी मापदण्ड, २०६४ मा उल्लेखित मापदण्ड सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सम्बन्धी भवनको लागि छुट्टै मापदण्ड नभएको स्थानको हकमा अनुसूची-२ मा उल्लेखित भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ ।

## परिच्छेदः २

## स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया

**३. स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकायहरु :**

(१) देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्ने प्रयोजनका लागि नगरपालिकाले अनुमति दिन सक्नेछ :-

(क) स्वास्थ्य क्लिनिक, डाईग्नोष्टिक सेन्टर, पोलीक्लिनिक, पोषण केन्द्र, घरैमा दिईने स्वास्थ्य सेवा, Pillative Care तथा पच्चिस शैया सम्मका जनरल अस्पतालहरु,

(ख) आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सासँग सम्बन्धित स्वास्थ्य संस्थाहरुका हकमा दश शैया सम्मका अस्पतालहरु,

(ग) पच्चिस शैयादेखि माथिका अस्पतालहरु र विशेषज्ञ अस्पताल दर्ता गर्नको लागि नगरपालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचना वा मन्त्रालयबाट,

(घ) यस नगरपालिकामा स्वास्थ्य संस्था दर्ता वा स्तरोन्नती भए पछि सोको विवरण तोकिएको ढाँचामा प्रादेशिक स्वास्थ्य निकायलाई दिईने छ ।

**४. सञ्चालन अनुमति दिन सकिनेः**

(१) स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी अनुसूची २ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिन सक्नेछ तर स्वास्थ्य क्लिनिक, रेडियो ईमेजिङ सेवा तथा पोलिक्लिनिक स्थापना तथा सञ्चालन अनुमतिका लागि अनुसूची ३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) दफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा नगर कार्यपालिकाको कार्यालयले निवेदन प्राप्त गरेको मितिले पन्ध्र दिन भित्र अनुगमन समिति खटाउनु पर्नेछ ।

(३) दफा (२) बमोजिम खटिएको अनुगमन समितिले पन्ध्र कार्य दिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) दफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस कार्यविधिमा उल्लिखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई नगर कार्यपालिकाको कार्यालयले बढीमा दुई वर्षका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(५) यस नियम बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा दफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भएको मितिले पन्घ्र कार्य दिन भित्र निर्णय गरी सक्नु पर्नेछ र सो को जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यो कार्यविधि प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भएको तर दफा (५) बमोजिम अनुमतिका लागि निवेदन नदिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले नगरपालिकाले तोके बमोजिमको शुल्कको दुई गुणा दस्तुर लिई निश्चित अवधिको लागि यसै कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी सञ्चालन अनुमति लिन सक्नेछ ।

(७) यो कार्यविधि प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भई अनुमतिको लागि निवेदन दिएका स्वास्थ्य संस्थालाई नगरपालिकाले तोके बमोजिमको शुल्क बुझाएमा निश्चित अवधिको लागि कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी सञ्चालन अनुमति दिन सकिनेछ ।

(८) दफा (२) (३) र (५) बमाजिम तोकिएको म्याद भित्र नगर कार्यपालिकाको कार्यालय वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले नगर प्रमुख समक्ष उजुर गर्न सक्नेछ । यसरी प्राप्त भएको उजुरी सम्बन्धमा प्रमुखले दफा (२), (३) र (५) मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यवस्था मिलाई सञ्चालन अनुमतिको व्यवस्था गरि दिन सक्नेछ ।

६. **थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने** : स्वास्थ्य संस्थाले आँफूले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट यस कार्यविधि बमोजिमका प्रक्रिया पूरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ ।

७. **अनुमति दस्तुर बुझाउनु पर्ने** : स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले नगरपालिकाले तोके बमोजिमको अनुमति दस्तुर बुझाउनु पर्नेछ ।

८. **नविकरण गराउनु पर्नेः**

(१) यस कार्यविधि बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुने मिति भित्र नगर कार्यपालिकाको कार्यालयमा नविकरणका लागि निवदेन दिनु पर्नेछ । नगरपालिकाले अनुमतिको अवधि समाप्त भएको मितिले तीन महिना भित्र आवश्यक जाँचबुझ गरी नविकारण गर्नु पर्नेछ ।

(२) दफा (१) बमोजिम निवेदन प्राप्त भएमा नगरपालिकाले तोके बमोजिमको दस्तुर लिई बढीमा एक वर्षका लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालन अनुमतिको नविकरण गरिदिन सक्नेछ । तर यो कार्यविधि प्रारम्भ हुनु अघि स्वास्थ्य संस्था सञ्चालन गर्ने अनुमति पाएका स्वास्थ्य संस्थाको हकमा त्यस्तो स्वास्थ्य संस्थाले यस कार्यविधि बमोजिम तोकिएको मापदण्ड तथा पूर्वाधार कायम नगरेसम्म तीन बर्षमा नबढाई प्रत्येक एक बर्षका लागि अनुमति नविकरण गरिदिनु सक्नेछ ।

(३) दफा (१) बमोजिमका अवधि भित्र मनासिब कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप तीन महिना भित्र निवेदन पेश गरेमा नगरले दोब्बर नविकरण दस्तुर लिई सेवा सञ्चालन अनुमति नविकरण गरि दिन सक्नेछ ।

(४) दफा (२) वा (३) बमोजिमको अवधि भित्र नविकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमति पत्र स्वतः खारेज हुनेछ र सो को जानकारी गण्डकी प्रदेशको स्वास्थ्य निकायलाई समेत दिईनेछ ।

(५) दफा (४) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि यो उपदफा प्रारम्भ हुँदाका बखतसम्म अनुमति नविकरण नगरेका स्वास्थ्य संस्थाले तोकिएको समयभित्र अनुमतिका लागि निवेदन दिएमा नगरले तोके बमोजिमको दस्तुरको अतिरिक्त संचालन अवधिको दस्तुर र सोही बमोजिमको नविकरण दस्तुर लिई एक पटकको लागि कार्यविधि बमोजिमको प्रकृया पुरा गरी त्यस्तो अनुमति नविकरण गरिदिन सकिनेछ ।

९. **गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था :**

(१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यस निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक बर्ष परीक्षण (स्वः मूल्यांकन्) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) दफा (१) बमोजिम तोकिएको अवधि भित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्ने निर्देशन दिनेछ । त्यस पछिको एक महिनामा पनि प्रतिवेदन पेश नगरेमा संचालन अनुमति रद्द गर्न सकिनेछ ।

(३) दफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले आवश्यकता अनुसार संभावित जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तिय लगानीका आधारमा नमूना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस कार्यविधिको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

(४) दफा (३) बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा संचालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ ।

(५) निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस कार्यविधि बमोजिमका गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई प्रदान गरिदै आएको दर्ता तथा नविकरण अनुसारका सेवा पूर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सकिनेछ ।

(६) दफा (५) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नु पूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेश गर्न मौका दिनुपर्नेछ ।

(७) यस कार्यविधिमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले बाँधा गर्ने छैन ।

**१०. निवेदन दिन सक्नेः**

(१) दफा ९ को उपदफा (६) बमोजिम दिएका आदेश वा अनुगमन समितिले यस कार्यविधि बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिन भित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनरावलोकनको लागि नगर प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर नगर प्रमुखले समितिसंग प्रतिकृया समेत लिई १५ कार्य दिन भित्र छानविन गरी यथाशीघ्र निर्णय दिने सक्नेछन् ।

**११. स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्नेः** स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा वढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा

सो को अनुमतिका लागि त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्त रुपमा निवेदन दिन सक्नेछन् । तर गाभिने स्वास्थ्य सस्थाको शैया संख्या पच्चीस वा सो भन्दा कम हुनुपर्नेछ ।

**१२. अनुमति खारेजी तथा कारवाही सम्बन्धि व्यवस्थाः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अनुमति प्रदान गर्ने प्रयोजनका लागि नगरपालिकाले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नविकरण गर्न एक पटकको लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको र दफा ९ को उपदफा (५) बमोजिमको अवधिभित्र अनुमति नविकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ ।

## परिच्छेद-३

## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

**१३. स्वास्थ्य सेवा सञ्चालन :**

(१) यस निर्देशिका बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुदैन ।

(२) अनुमति नलिईकन स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्थालाई आवश्यक कानूनी कारवाही गरिनेछ र त्यस्ता संस्थाका संचालक भविष्यमा अन्य स्वास्थ्य संस्था संचालन अनुमति प्रदान समेत गर्न नपाउने गरी अभिलेख गरिनेछ ।

(३) स्वास्थ्य संस्थाले आफनो उद्देश्य र क्षमता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ :-

(क) आकस्मिक सेवा,
(ख) बहिरंग सेवा,
(ग) अन्तरंग सेवा,
(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियोईमेजिङ समेत),
(ङ) शल्यक्रिया सेवा,
(च) सघन उपचार सेवा,
(छ) प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा,
(ज) विशेषज्ञ सेवा,
(झ) फार्मेसी सेवा,
(ञ) रक्त सञ्चार सेवा,
(ट) फिजियो थेरापी सेवा,
(ठ) शवगृह व्यवस्थापन,
(ड) अस्पताल व्यवस्थापन,
(ढ) वातावरण व्यवस्थापन,
(ण) स्वास्थ्य संस्थाबाट निष्काशित फोहरमैला व्यवस्थापन,
(त) पोषण गृह,

(थ) घरमा आधारित (Home Based) स्वास्थ्य सेवा ।

**१४. गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड :**

(१) स्वास्थ्य संस्थाले नियम ३ बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायका उल्लिखित मापदण्डहरुको समेत पालना गरेको हुनुपर्नेछ

(क) बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रण (Infection Prevention) को व्यवस्था हुनु पर्ने छ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न इकाइबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न, कार्य सञ्चालन निर्देशिका (Standard Operating Manual) तयार गरी लागू गर्नुपर्नेछ ।

(घ) स्वास्थ्य संस्थाले बहिरङ्ग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका दिन र बार समेत खुल्ने गरी सबैले देख्ने ठाउँमा राखिएको हुनु पर्नेछ ।

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित बिशेषज्ञ चिकित्सकबाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(च) उपलब्ध चिकित्सकहरु मध्ये बिरामीले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नुपर्नेछ ।

(छ) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनुपर्नेछ ।

(ज) अस्पताल परिसर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनुपर्नेछ ।

(झ) सबैले देख्ने स्थानमा उजुरी पेटिका राखिएको हुनुपर्नेछ ।

(ञ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएका उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनुपर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सोको कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

(ट) बिरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको बिरामी बडापत्र (Patient Charter ) सबैले देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नुपर्नेछ ।

(ठ) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनुपर्नेछ ।

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेका प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ ।

(त) अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनुपर्नेछ ।

(थ) अस्पतालमा रहेको शैया संख्याको दश प्रतिशत शैया आकस्मिक सेवाको लागि छुट्टयाईएको हुनुपर्ने र शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनुपर्नेछ ।

(द) आकस्मिक विभागवाट बिरामी भर्ना गर्ने, रिफर गर्ने, बिरामीको रेफरल प्रक्रिया र अर्न्तविभागीय तथा अर्न्तसंस्था बिरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्नेछ र सो बमोजिमको ढाँचामा सबैले देख्ने ठाँउमा राख्नु पर्नेछ ।

(ध) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्टयाई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ । यस्तो सेवामा व्यक्तिलाई दिईएको उपचारको छुट रकम गणना गरिने छैन ।

(न) उपदफा (१) (ध) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सो को प्रतिवेदन नगरपालिकामा नियमित रुपमा पठाउनु पर्नेछ ।

(प) अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमका सुविधाको व्यवस्था हुनु पर्ने र आवश्यक मात्रामा शैया छुट्टयाउनु पर्नेछ ।

(फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्र भवन निर्माण सम्बन्धी मापदण्ड तथा नगरले तोकको मापदण्ड अनुरुप हुनु पर्नेछ ।

(ब) सबै अस्पतालहरुले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनुपर्नेछ र सो को एक प्रति नगरपालिकामा अनिवार्य रूपमा बुझाउनु पर्नेछ । सो कार्यका लागि सम्पर्क व्यक्ति समेत तोकी सो को जानकारी यस नगरलाई दिनुपर्नेछ ।

(भ) सम्बन्धित स्वास्थ्य संस्थाले सूचना अधिकारी तोकी नगरपालिकालाई जानकारी दिनुपर्नेछ ।

## परिच्छेद-४

## अस्पताल सम्बन्धी मापदण्डहरू

१५. अस्पताल सम्बन्धी मापदण्डहरुको विस्तृत विवरण स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७० (संशोधन सहित) बमोजिम हुनेछ ।

## परिच्छेद-५

## मानव शंसाधन व्यवस्थापन

१६. **जनशक्ति विकास योजना** : अस्पतालको शैया क्षमताका आधारमा देहाय बमोजिमका न्यूनतम जनशक्तिको व्यवस्था भएको हुनुपर्नेछ :-

(क) प्रति पच्चीस शैयाका लागि एक जना एम.डी.जी.पी. चिकित्सक हुनुपर्नेछ । एम.डी.जी.पी.चिकित्सक नभएको अवस्थामा प्रसुती तथा स्त्री रोग विशेषज्ञ र बालरोग विशेषज्ञ हुनुपर्नेछ ।

(ख) शल्यक्रिया प्रदान गर्ने कक्षमा प्रति शैया कम्तीमा एक जना शल्यचिकित्सक, एक जना एनेस्थेटिक्स, एक जना ईन्चार्ज, एक जना शल्यक्रिया सहायक र एक जना नर्स भएको हुनुपर्नेछ ।

(ग) जनरल कक्ष (General Ward ) मा प्रति चार देखि छ शैयामा एक जना स्टाफ नर्सको व्यवस्था भएको हुनुपर्नेछ ।

(घ) ईमर्जेन्सी तथा पोष्ट अपरेटिभ कक्ष (Post Operative Ward) मा प्रति दुई शैयामा एक जना नर्स भएको हुनुपर्नेछ ।

(ङ) सघन उपचार कक्ष (आई.सी.यू., एन.आई.सी.यू, सी.सी.यू.आदि) मा प्रति शैयामा एक जना स्टाफ नर्सका व्यवस्था हुनुपर्नेछ ।

(च) प्रसुती कक्षको लेवर वेडमा प्रति वेड दुई एस.बी.ए.(Skill Birth Attendants) तालिम प्राप्त नर्सको व्यवस्था भएको हुनुपर्नेछ ।

(छ) अस्पतालमा कम्तीमा एक जना मेडिकल रेर्कडर भएको हुनुपर्नेछ ।

(ज) अस्पतालमा चौबीसै घण्टा सेवा उपलब्ध गराउने गरी फर्मासिष्ट लगायत आवश्यक संख्यामा जनशक्तिका व्यवस्था हुनुपर्नेछ ।

(झ) अस्पतालमा कम्तीमा दुई तिहाइ पूर्ण कालीन स्वास्थ्यकर्मी ।

(ञ) सरकारी स्वास्थ्य कर्मीहरुबाट सेवा लिनु पर्ने अवस्थामा सम्बन्धित निकायको स्वीकृति पत्र लिएको हुनुपर्नेछ ।

(ट) हरेक स्वास्थ्य कर्मीले सम्बन्धित व्यवसायिक काउन्सिलबाट दर्ता नम्बर लिएको हुनुपर्नेछ ।

(ठ) विदेशी स्वास्थ्य कर्मी वा स्वयम् सेवकले सम्बन्धित मन्त्रालयको सिफारिसमा सम्बन्धित काउन्सिलवाट स्वीकृति लिएको हुनुपर्नेछ ।

१७. **जनशक्ति सम्बन्धी विस्तृत विवरण :** जनशक्ति सम्बन्धी विस्तृत विवरण स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० (संशोधन सहित) बमोजिम हुनेछ ।

## परिच्छेद-६

## औजार तथा उपकरणहरु

१८. औजार तथा उपकरण सम्बन्धी विस्तृत विवरण स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० (संशोधन सहित) बमोजिम हुनेछ ।

## परिच्छेद-७

## सेवा सम्बन्धी व्यवस्था

१९. **विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालका पूर्वाधार तथा मापदण्डहरू** : विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालको पूर्वाधार तथा मापदण्डहरू सम्बन्धी विस्तृत विवरण स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० (संशोधन सहित) बमोजिम हुनेछ ।

२०. **स्वास्थ्य क्लिनिक/पोलीक्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु :**

(१) स्वास्थ्य क्लिनिक/पोलीक्लिनिकमा स्वास्थ्य जाँच गर्ने चिकित्सकले कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि MBBS एक जना वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ ।

(२) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण (१ जना) र स्वास्थ्य विज्ञानमा टि. एस. एल. सी. (अ. हे. ब. कोष उत्तीर्ण १ जना र अ.न.मी कोर्ष उत्तीर्ण १ जना), गरी परामर्श सेवा तालीम प्राप्त हुनुपर्नेछ ।

(३) पोलीक्लिनिकमा रेडियोलोजी इमेजि सेवा, प्रयोगशाला तथा औषधी उपचार सेवा संचालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धी निर्धारित पूर्वाधार पुरा गर्नु पर्नेछ ।

(४) स्वास्थ्य क्लिनिक/पोलीक्लिनिकमा स्वास्थ्य सेवा संचालनका लागि देहाय बमोजिमका आवश्यक न्यूनतम भौतिक सुविधाहरु हुनुपर्नेछ :-

| | |
|---|---|
| (क) बिरामीको जाँच गर्न Ventilated वा AC कोठा सेवा अनुसारको छुट्टाछुट्टै (कम्तीमा १४ वर्ग मिटरका) | १ |
| (ख) बिरामी बस्ने ठाँउ (कुर्ने ठाउँ) | १ |
| (ग) बिरामी जाँच्ने टेबुल, | १ |
| (घ) चिकित्सकका लागि टेबुल, | १ |
| (ङ) चिकित्सकका लागि कुर्सी, | १ |
| (च) बिरामी बस्ने टुल/कुर्सी, | १ |
| (छ) शौचालयको व्यवस्था (अपाङ्ग मैत्री भएको सहित) | २ |
| (ज) टेलिफोन, इन्टरनेट र वेब पेज, | |

(झ) स्वास्थ्य शिक्षा सम्बन्धी सूचनामूलक पोष्टर तथा अन्य सामग्री,
(ञ) स्वच्छ पानीको आपूर्ति,
(ट) निरन्तर विद्युत आपूति

(५) सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ ।

(६) बिरामीको सम्पूर्ण विवरण राख्नको लागि कम्प्यूटर वा रजिष्टरको प्रयोग गर्नु पर्नेछ ।

(७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य निर्मलीकरणको व्यवस्था गर्नुपर्नेछ ।

(८) क्लिनिकमा काम गर्ने सम्पूर्ण कर्मचारीको योग्यताको प्रमाणप्रत्रको प्रमाणित प्रतिलिपि साथै प्राविधिक कर्मचारीहरुको सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि राख्नु पर्नेछ ।

(९) सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

(१०) नेपाल सरकार वा पचरौता नगरपालिकाबाट तोकिएको एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार नियमित रुपमा मासिक प्रतिवेदन नगरपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

**२१. रेडियोलोजी वा डाईग्नोष्टिक एण्ड इमेजिङ सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा शर्तहरु :**

(१) यस निर्देशिकाको प्रयोजनको लागि रेडियोलोजी वा डाईग्नोष्टिक सेवा अन्तरगत देहायका प्रविधिहरु समावेश गरिएको छ :-

क) X-ray (300 mA ;Dd)
ख) Ultrasonogram (USG)

(२) उपदफा (१) मा उल्लेख गरिएको बाहेक थप प्रविधिको लागि माग भएमा नगरपालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचनाले स्वीकृती दिनेछ ।

(३) रेडियोलोजी डायग्नोष्टिक तथा ईमेजिङ्ग सेवाबाट पर्ने विकिरणका दूष्प्रभावलाई कम गर्नका लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिदा वा सिफारिस गर्दा निम्न मापदण्डलाई आधार मानिनेछ :-

**(क) एक्सरेका लागिः**

(१) एउटा एक्सरे मेसिनका लागि कम्तीमा २२५ स्क्वायर फिटका कोठा हुनुपर्नेछ ।

(२) एक्सरे गर्ने कोठाका Wall Thickness

(क) ९ ईञ्च With Plaster of Paris वा
(ख) ६ Inch with 20 mm lead barrier वा
(ग) २.० एम एम भिबम thickness हुनुपर्नेछ । साथै झयाल, ढोका तथा भित्ताबाट हुने विकिरणका चुहावट हुन नसक्ने गरी आवश्यक व्यवस्था भएको हुनुपर्नेछ ।

(३) एक्सरे (X-ray) सेवा प्रदान गर्ने व्यक्तिका लागि एक्सरे कोठा भित्र ०.५ mm को एप्रोन तथा radiation protective measures को व्यवस्था हुनुपर्नेछ ।

(४) Radiology मा कार्यरत कर्मचारीहरुका लागि radiation dose monitor उपलब्ध हुनुपर्दछ र समयमा च्वमष्बतष्यल क्गचखभथ :यलष्तयचष्लन गर्नुपर्नेछ ।

(५) Eye, Gonadal, Thyroid Gland आदिका एचयतभअतष्यल को लागि ाभबम नबिककरनयिखभकरभिबमबउचयल को व्यवस्था हुनुपर्नेछ ।

(६) X-ray एक्स्पोज गर्ने कोठा डार्क रुम र प्रतिक्षा गर्ने कक्ष छुट्टाछुट्टै हुनुपर्नेछ ।

(७) Radiology विभागमा सर्वसाधारणका पहुच पुग्ने (Exposure) ठाउँमा X-ray विकिरणले स्वास्थ्यमा खराव असर पर्न सक्छ भन्ने बारे सूचना गर्नुपर्नेछ । साथै सूचनामा गर्भवती महिला तथा बालबालिलाई अनावश्यक विकिरणबाट बच्न अनुरोध गर्ने समेत गरेको हुनुपर्दछ ।

(ख) **रेडियालोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता :** रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(१) रेडियोलोजिष्ट :- मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातक तह उतीर्ण गरी रेडियोलोजी विषयमा एमडी, डी.एम.आर.डी., एफ.आर.सी. आर. वा सो सरह कोर्ष उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(२) रेडियोलोजी एण्ड ईमेजिङ्गका रिपोर्टिङ्ग रेडियोलोजिष्टहरुले मात्र गर्न पाउनको साथै Radiological Interventional Procedure हरु पनि यथासम्भव रडियोलोजिष्टले गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति वा योग्यता निम्न बमोजिम हुनु पर्नेछ :

(क) Medical Physicist :- Medical Physics विषयमा ब्रकअ वा :कअ उत्तीर्ण गरको हुनुपर्नेछ ।

(ख) बायोमेडिकल ईन्जिनियर :- बायोमेडिकल ईन्जिनियरिङ्ग विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरको हुनुपर्नेछ ।

(ग) सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट :- सम्वन्धित विषयमा MSc. Radiography गरी कम्तीमा स्नातक तहमा ३ वर्ष काम गरेका हुनुपर्नेछ ।

(घ) रेडियोग्राफीक अधिकृत (रेडियोग्राफिक टेक्नोलोजिष्ट) :- चिकित्सा शास्त्र अध्ययन संस्थान वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थान यस रेडियोग्राफीक विषयमा (BSc. MIT, Bsc. RT) स्नातक तह उत्तीर्ण गरेको हुन पर्नेछ । साथै NHPC (Nepal Health Professional Council ) मा दर्ता भएको हुनुपर्नेछ । ङ) रेडियोग्राफर :-चिकित्सा शास्त्र अध्ययन संस्थानबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थाबाट रेडियोग्राफी बिषयमा प्रमाण पत्र तह उतीण गरेका हुनुपर्नेछ ।

(ग) **Radiation Measurement and Protection सम्बन्धी व्यवस्था** : Radiation Measurement and Protection सम्बन्धी व्यवस्था विश्व स्वास्थ्य संगठनका मापदण्ड अनुसार हुनु पर्नेछ । कुनै काम गर्ने व्यक्तिमा radiation का dose 20 Mili sievert per year (WHO) को सन् २००२ को मापदण्ड अनुसार देखिएमा उपयुक्त क्षतिपूर्तिको सम्बन्धित संस्थाले व्यर्होनु पर्नेछ ।

(घ) **Ultrasonogram (USG) USG : Ultrasonogram (USG)** को प्रयोग सम्बन्धमा रेडियोलोजिष्टहरु बाहेक आफनो क्षेत्रमा मात्र प्रयोगमा ल्याउने गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ३ महिनाको गक्न तालिम प्राप्त गरेको स्त्री तथा प्रसूति रोग सम्बन्धी विशेषज्ञहरुले गर्न पाउने छन । यस दफा ले रेडियालोजी बिषयमा स्नातक पढेकाहरुको लागि सेवा प्रदान गर्न बाधा पुग्ने छैन । रेडियोलोजी सेवा सञ्चालन गर्न आवश्यक पर्ने निम्न बमोजिमका उपकरणहरुको व्यवस्था हुनु पर्नेछ :-

(१) इमर्जेन्सी सेवामा चाहिने औषधी लगायत औजार उपकरणहरुको व्यवस्था हुन पर्ने ।

(२) स्ट्रेचर, ह्वील चियरको व्यवस्था हनु पर्ने ।

(३) शौचालयको राम्रो व्यवस्था हुन पर्ने ।

(४) रेकर्डिङ्ग तथा रिपोर्टिङ्गका लागि छुट्टै कोठाको व्यवस्था हुन पर्ने ।

(५) नियमित विद्युतको लागि वैकल्पिक व्यवस्था हुनु पर्ने ।

(६) बिरामीका लागि र बिरामी कुरुवा बस्नको लागिको कोठा लगायत बेञ्चको व्यवस्था हुनु पर्ने ।

(७) स्टोर, रिपोर्ट डिस्ट्रीव्यूसनका लागि छट्टाछुट्टै कोठाको व्यवस्था हुनु पर्ने ।

(८) Medical Equipment repair & maintenance गर्दा वायोमेडिकल ईन्जिनीयर वा रेडियोलोजिकल उपकरण सम्बन्धी विशेष तालिम प्राप्त व्यक्ति हुनु पर्ने ।

(९) विकिरण क्षेत्रमा काम गर्नेलाई अनिवार्य रुपमा रेडिएसन भत्ताको व्यवस्था हुनु पर्ने ।

(ङ) रेडियालोजी सेवाको लागि न्यूनतम उपकरण तथा जनशक्ति पूवार्धारहरु :

| सि. न. | विवरण | क्लीनीक | २५ शैया | ५० शैया | ५० शैया भन्दा माथी |
|---|---|---|---|---|---|
| १ | एक्सरे मेशन | स्वेच्छिक | ३०० एम ए - १ | ३०० एम ए - १ | ५०० एम ए - १८<br>३०० एम ए - १ |
| २ | एक्सरे मेशिन पोर्टेवल मोवाईल | स्वेच्छिक | १०० एम ए - १ | १०० एम ए - १ | १०० एम ए - १ |
| ३ | अल्ट्रासाउण्ड मेशिन | स्वेच्छिक | स्वेच्छिक | १ | १ |
| ४ | जनशक्ति रेडियोलोजिष्ट | आशिंक समय | आशिंक समय | १ | १ |
| | सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट | | | १ | २ |
| | रेडियोग्राफिक अधिकृत | १ | १ | २ | २ |
| | रेडियोग्राफर | २ | २ | ३ | ३ |
| | रेडियोग्राफिक अधिकृत | १ | १ | २ | २ |

२२. **प्रयोगशाला सेवा** : (१) प्रयोगशाला सेवा सञ्चालनका लागि प्रयोगशालाहरुको स्तर, विभाजन र जनशक्ति देहायब मोजिम हुनु पर्नेछ :-

(क) **जनरल प्याथोलोजी** : योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस.वा सो सरह उत्तीर्ण गरी MD Path. MRC Path, DCP वा सो सरह उतीर्ण गरको हुनु पर्ने छ ।

(ख) **माईक्रोबायोलोजी** : योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Microbiology उपाधि प्राप्त ।

(ग) **हेमाटोलोजी** : योग्यता : मान्यता प्राप्तशिक्षण संस्थाबाट MD Hameatology उपाधी प्राप्त ।

(घ) **MD Biochemistry :** योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Biochemistry उपाधि प्राप्त ।

(ङ) **मेडिकल टेक्नोलोजिष्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातक BMLT उपाधी प्राप्त । गर्न पाउने परिक्षणहरु : Histopatholoty, Cytopathology & Bone Marrow Study बाहेकका सवै परीक्षणहरु ।

(च) **विशेषज्ञ मेडिकल टेक्नोलोजिष्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्नोलोजी विषयमा स्नातकोत्तर उपाधि MMLT प्राप्त । MMLT/M.Sc.Microiology,MMLT/M.Sc.Haematology, MMLT/ M.Sc.Bio chemistry, MMLT/M.Sc.Cytology गरेकोहरुले जुन विषयमा आफुले उपाधी प्राप्त गरेका छ सोही विषयमा मात्र प्रयोगशाला सञ्चालन गरी बिशेषज्ञ सेवा प्रदान गर्न पाउने छन ।

(छ) **ल्याव टेक्नीशियन** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण । गर्न पाउने परिक्षणहरु : २५ शैया सम्मका सरकारी अस्पतालस्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी परिक्षणहरु ।

(ज) **ल्याव असिष्टेण्ट** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एक बर्ष वा १५ महिनाको ल्या.अ तालिम पुरा गरी प्रमाण पत्र प्राप्त गरेका । गर्न पाउने परीक्षणहरु : २५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धी आधारभूत परिक्षणहरु ।

नोटः माथि उल्लेखित जनशक्तिहरुले योग्यता हासिल गरेको विषयको पाठ्यक्रममा उल्लेखित सम्बन्धित परीक्षण गर्न पाउनेछन् ।

(२) उपदफा (१) मा उल्लखित जनशक्तिल आफूले प्राप्त गरेका प्रमाणपत्रका आधारमा व्यवसाय गर्न नेपाल सरकारले तोकेका परिषदमा दर्ता हुनु पर्नेछ ।

२३. **प्रयोगशाला सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड :** देहायमा उल्लेख भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुको स्तर अनुसारको मापदण्ड निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाहरुको न्यूनतम मापदण्ड हुने छ :-

(क) प्रयोगशालामा कार्यरत जनशक्ति अनुसार देहायमा लेखिए बमोजिमका परीक्षणहरु मात्र गर्न पाईनेछ।

(ख) आकस्मिक सेवा प्रदान गर्ने हरेक अस्पतालमा शैया अनुसारका आवश्यक पर्ने आकस्मिक परीक्षणहरु गर्नु पर्नेछ। आइसीयु सेवा प्रदान गर्ने अस्पतालहरुमा द्ययियम नबक ब्लबथिशभच हुनु पर्ने छ।

(ग) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्बद्ध निकायबाट सञ्चालन हुने गुणस्तर नियन्त्रक सम्बन्धी कार्यक्रममा अनिवार्य रुपमा भाग लिनु पर्नेछ।

(घ) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट पठाईने गुणस्तर सम्बन्धी परीक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नु पर्नेछ।

(ङ) प्रत्येक कोठामा पर्याप्त प्रकास र भेन्टीलेशनको व्यवस्था हुनु पर्ने छ।

(च) बिजुली र पानीको राम्रो व्यवस्था हुनु पर्नेछ।

(छ) प्रयोगशालाले फोहर व्यवस्थापन नेपाल सरकार तथा नगरले तोकेको मापदण्ड र प्रक्रिया अनुसार गरेको हुनु पर्नेछ।

(ज) प्रयोगशालामा रगत तान्ने कोठा, प्रयोग भएका सामाग्री सफा गर्ने कोठा, आकस्मिक कोठा, नमुना परिक्षण गर्ने कोठा र शौचालयको अनिवार्य व्यवस्था हुनु पर्नेछ।

(झ) प्रयोगशालामा आवश्यक पर्ने टेवुल, कुर्सी लगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनु पर्ने छ।

(ञ) प्रयोगशालामा बिशेषज्ञ सेवा प्रदान गर्दा आफुले जुन उपाधी प्राप्त गरेको छ सोही अनुसारमात्र सेवा सञ्चालन गर्न पाउने छ।

(ट) प्रयोगशालाको रिपोर्ट प्रमाणित गर्नेको नाम, शैक्षिक योग्यता एवं परिषदको दर्ता नंम्वर उल्लेखित स्ट्याम्प वा प्रिन्टको प्रयोग उल्लेख गरेको हुनु पर्ने छ।

## परिच्छेद ८

## <u>आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड</u>

२४. <u>आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुका मापदण्ड</u> :

(१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा स्वास्थ्य संस्थाका स्थापना, सञ्चालन तथ स्तरोन्नति गर्दा देहायका मापदण्डहरुको पालना गर्नु पर्ने छ :-

(क) <u>आयुर्वेद स्वास्थ्य सेवा :</u>

(१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवसाय गर्दा सम्बन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषदमा दर्ता भएका हुनु पर्ने छ। नेपाल सरकारका वहालवाला कर्मचारी भएमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने छ।

(२) पञ्चकर्म सेवा केन्द्रमा सम्बन्धित बिषयमा कम्तिमा बि.ए.एम.एस वा सो सरह उपाधि प्राप्त व्यक्तिबाट वमन, विरेचन, शिरोविरेचन, आस्थापन, अनवासन, वस्ति र रक्त मोक्षण प्रयोग गर्नु पर्ने उत्तरवस्तिका लागि सम्बन्धित विशेषज्ञबाट गर्नु पर्ने छ।

(३) आयुर्वेद अस्पतालमा कामगर्ने कर्मचारीलाई संक्रमण सुरक्षा सम्बन्धी आवश्यक तालिम दिनु पर्ने छ।

(४) आयुर्वेद अस्पतालले जनशक्ति, भौतिक पूर्वाधार, औजार-उपकरण र सेवाका गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्न स्वीकृतिका लागि माग गर्न र उपयुक्त ठहर भएमा शाखा विस्तारका स्वीकृति दिन सकिने छ।

(५) बिरामीको उपचारको सिलसिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयुक्त स्थानमा प्रेषण (रेफर) गर्नु पर्ने छ ।

(६) रोग निदानार्थ आवश्यक पर्ने ई.सि.जी., इ.इ.जी, प्याथोलोजी, र डियोलोजी तथा अन्य आवश्यक सेवाहरु संचालन गर्नु परेमा सम्बन्धित बिषयका जनशक्ति र सामाग्री सम्बन्धी भौतिक पूर्वाधार, औजार उपकरण नीति नियमको पालना गर्नु पर्ने छ ।

(७) इन्ट्रिग्रेटेड क्लिनिक, नर्सिङ्गहोम वा अस्पताल भनी स्वीकृतिका लागि माग भएमा कुन कुन बिषय र सेवा दिने उद्देश्य राखिएको हो ? सो प्रष्ट उल्लेख गरि सोही बमोजिमका जनशक्ति, औजार उपकरण र भौतिक पूर्वाधार व्यवस्था गर्नु पर्ने छ ।

(८) आयुर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधि द्रव्यकाष्ठौषधि, र औषधिको प्रयोग गरिने चिकित्सा सेवा, विना औषधि दिइने सेवा र आयुर्वेद स्वास्थ्य सेवामा उल्लेखित पूर्वकम अन्तर्गतका निराग्नीस्वेद (जल, वायु, सूर्यकिरण, पार्थिव तत्वको प्रयोग), अग्निस्वेदन, अभ्यङ्ग (Massage), सत्वावजयचिकित्सा ( योगाभ्यास, ध्यान आदि) का माध्यमबाट रोगको रोकथाम वा दीर्घजीवनका लागि सञ्चालन गरिने संस्थाहरुले आयुर्वेद स्वास्थ्य कर्मीहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएका मापदण्ड पुरा गरि जुन सुकै नाममा संचालन भएता पनि आधार ग्रन्थ सहित अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाइने छ ।

**(ख) आयुर्वेद चिकित्सा अर्न्तगत रहने सेवाहरुः**

**चिकित्सा सेवा:**

१. रोग उपचार (आतुरविकार प्रशमन)

(क) युक्ति व्यापाश्रयचिकित्सा

(ख) संशमन (औषधि चिकित्सा)

(ग) संशोधन (वमनादि पञ्चकर्मशोधन चिकित्सा)

(घ) दैव व्यापाश्रय (ङ) सत्वावजय

(च) शस्त्र-प्रणिधान (छ) योगाभ्यास

२. स्वास्थ्य प्रवर्द्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा

(क) प्रकृति विनिश्चयर परामर्श

(ख) स्वस्थवृत्त पालन -ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य,आहार विहार

(ग) रसायन

(घ) वाजीकरण

(ङ) पञ्चकर्म

(च) योगाभ्यास

(ग) **आयुर्वेद अस्पताल तथा नर्सिङ्ग होम सम्बन्धी मापदण्ड तथा पूर्वाधार** : विवरण स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० संशोधन सहित बमोजिम हुने छ ।

(घ) **आयुर्वेद पूर्वकर्म पञ्चकर्मसेवा केन्द्र सम्बन्धी मापदण्ड तथा पूर्वाधारः** विवरणस्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० संशोधन सहित बमोजिम हुने छ ।

(ङ) **होमियोप्याथिक चिकित्सा सेवा स्थापना तथा सञ्चालन मापदण्ड** विवरण स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० संशोधन सहित बमोजिम हुने छ ।

(च) **<u>होमियोप्याथिक इमर्जेन्सी सेवा</u>** विवरण स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० संशोधन सहित बमोजिम हुने छ ।

(छ) **<u>निजी स्तरका होमियोप्याथिक अस्पतालका पूर्वाधार</u>** विवरण स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० संशोधन सहित बमोजिम हुने छ ।

(ज) **<u>एक्यूप्रेसर</u>** विवरण स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० संशोधन सहित बमोजिम हुने छ ।

(झ) **<u>एक्यूपन्चर सेवा अस्पतालका पूर्वाधार र मापदण्ड</u>** : विवरण स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० संशोधन सहित बमोजिम हुने छ ।

(ञ) **<u>प्राकृतिक चिकित्सा अस्पतालका पूर्वाधार</u>** : विवरण स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका, २०७० संशोधन सहित बमोजिम हुने छ ।

**२५. पोषण केन्द्र, घरैमा दिईने स्वास्थ्य सेवा र हस्पिस तथा प्यालेटिभ सेवा सम्बन्धी व्यवस्था**

(क) पोषण केन्द्र : पोषण सम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्दा वा चिकित्सा व्यवसाय गर्दा सम्बन्धित बिषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धीत परिषदमा दर्ता भएका हुनु पर्ने छ । नेपाल सरकारका वहालवाला कर्मचारी भएमा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने छ ।

(१) जनशक्ति सम्बन्धी व्यवस्था :

| Position | Requirement | Qualification |
|---|---|---|
| Nutritionist or Dietitian | 1 | B.sc/ M.sc Nutrition and dietetics from Nepal or equivalent |
| Paramedics | 1 | Minimum CMA |
| Nursing | 2 | Minimum ANM |
| Admin – In- charge | 1 | Bachelors in management or equivalent |
| Helpers | 2 | Can read and write |

(२) पूर्वाधार सम्बन्धी व्यवस्था

| S.no | Name of the items | quantity | Minimum size(length*width) |
|---|---|---|---|
| | Infrastructure | | |
| 1 | Treatment/Consultation room | 1 | 11*9 ft |
| 2 | Treatment room | 1 | 14*11 ft |
| 3 | Inquire | 1 | 14*12 ft |
| 4 | Gym hall | 1 | 14*10 ft |
| 5 | Kitchen | 1 | 10*9 ft |
| 6 | bathroom / toilet | 2 | 2 Seperat for male and female |
| 7 | waiting room | 1 | Adquite |
| 8 | Alternative Power supply | 1 | |
| 9 | Parking Area | 4 | Adquite |
| | Consultation Room | | |
| 1 | Consultation room table | | |
| 2 | Files stand | 1 | |
| 3 | Treatment bed | 1 | |
| 4 | Bed Stand | 1 | |

| | | | |
|---|---|---|---|
| 5 | Pen stand | 1 | |
| 6 | Bed linen | 1 | |
| 7 | 7 Disposable latex bed sheet | 1 | |
| 8 | Air conditioner | 1 | |
| 9 | Vertical blinds | 1 | |
| Treatment Room | | | |
| 1 | Treatment bed | 3 | |
| 2 | Dustbin | 2 | |
| 3 | Changing room | 1 | |
| 4 | Cold season blankets | 4 | |
| 5 | Bed linen | 6 | |
| 6 | Disposable latex bed sheet | 1 | |
| 7 | Disposable cotton bed sheets | 1 | |
| 8 | Ceiling Light board | 1 | |
| 9 | Vertical blinds | 1 | |
| Gym hall | | | |
| 1 | Water dispenser | 1 | |
| 2 | Ceiling lights | 2 | |
| 3 | Vertical blinds | 1 | |
| Kitchen | | | |
| 1 | Shaped kitchen | 1 | |
| 2 | Cupboards | 6 | |
| 3 | Wall fan | 1 | |
| 4 | Refrigerator | 1 | |
| 5 | Gas Stove(range) | 1 | |
| 6 | Mixer | 1 | |
| 7 | Dining table | 1 | |
| 8 | Stool | 3 | |
| 9 | Plate stand | 1 | |
| 10 | Cutlery box | 1 | |
| 11 | Steel cups | 12 | |
| 12 | Plates | 6 | |
| 13 | Melamite cups | 6 | |
| 14 | Melamite plates | 6 | |
| 15 | Spoon | 6 | |
| 16 | Fork | 6 | |
| Back side | | | |
| 17 | Invertor | 1 | |
| 18 | Stand (iron) | 1 | |
| Techincal asset | | | |

| | | | |
|---|---|---|---|
| 1 | Body Composition Analyser (bioelectrical impedance) | 1 | |
| 2 | Weighing scale(big) | 1 | |

| | | | |
|---|---|---|---|
| 3 | Weighing scale normal(digital) | 1 | |
| 4 | Cryolipolysis | 1 | |
| 5 | Heat pads | 5 | |
| 6 | Heat machine | 2 | |
| 7 | TENS | 2 | |
| 8 | Blanket heat machine | 2 | |
| 9 | Blanket heat pads full | 2 | |
| 10 | Gel pack | 6 | |
| 11 | Treadmill | 1 | |
| 12 | Elliptical | 1 | |
| 13 | Crazyfit massager | 1 | |
| 14 | G10 massager | 1 | |
| 15 | G5 massager | 1 | |
| 16 | Dumbells(10 kgs or above) | | |
| 17 | Rod | 1 | |
| 18 | Weights(12 kgs) | | |
| 19 | Kettle bell(15 kgs) | | |
| 20 | Yoga mat | 5 | |
| 21 | Stepper | 1 | |

## परिच्छेद १० :
## अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

२५. अभिलेख तथा प्रदिवेदनः

(१) प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु यस नगरपालिकाबाट प्राप्त एकिकृत स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली अनुसार अभिलेख राख्नु पर्नेछ । तोकिएको समयमा आफुले प्रदान गरेको सेवाको प्रतिवेदन नगरपालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीको ढाँचामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । यसरी तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई नगरले सचेत गराउनुका साथै अनुमति खारेज गर्न समेत सक्नेछ ।

(२) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणाली सम्बन्धि तालिम लिने व्यवस्था मिलाईने छ ।

(३) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेका विरामीहरुको रोगको विवरण ICD coding गरी प्रतिवेदन गर्नु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले आफनो संस्थामा भएको जन्म तथा मृत्युको घटना विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा स्थानीय पञ्जिकाधिकारीलाई मासिक रुपमा दिनु पर्नेछ ।

(५) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा नेपाल सरकारले तोकेको notifiable diseases का विरामी पत्ता लागेको वा शंका लागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्तै नगरमा सुचना गर्नु पर्ने छ ।

## परिच्छेद ११
## सञ्चालन अनुमति नविकरण हुन नसक्नेअवस्था र खारेजी सम्बन्धी व्यवस्था

२६. सञ्चालन अनुमति नविकरण नहुनेः

(१) यस निर्देशिकामा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि देहायका अवस्थामा स्वास्थ्य संस्थाका सेवा सञ्चालन अनुमतिको नविकरण गरिने छैन :-

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पुरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लिखित शर्तहरु पालना नगरेको पाईएमा,

(ग) अस्पतालले प्रदान गरेका सेवाको तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन नगरमा पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पताल जन्य फोहर मैलाको उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा नगरपालिकाको कार्यालयले दिएको निर्देशनको उल्लंघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएका समयभित्र भुकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेको नपाईएमा ।

२७. <u>खारेजी गर्नसकिने:</u>

(क) यो निर्देशिका प्रारम्भ हुन अघि अनुमति प्राप्त गरी सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसक्ने जनाइ सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा नगरपालिकाले त्यस्ता संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्ने छ ।

(ख) गैर कानूनी क्रियाकलाप गरेको पाईएमा नगरपालिकाले तोकिएको सेवा निलम्वन वा संस्थाका सञ्चालन अनुमति खारेजी गर्न सक्नेछ । दफा २६ बमोजिम अनुमति नविकरण नहुने भएमा त्यस्ता संस्था स्वतः खारेज हुनेछन **।**

(ग) दफा २७ को खण्ड (ख) बमोजिम अनुमति खारेज गर्नु पूर्व त्यस्ता संस्थालाई मनासिव समावधी तोकी सफाई पेश गर्ने मौका दिइने छ **।**

## परिच्छेद १२
## <u>विविध</u>

२८ **सेवा शुल्क निर्धारण समिति सम्बन्धी व्यवस्था** :

(१) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय, स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरका आधारमा त्यस्ता स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्क सम्बन्धी मापदण्ड निर्धारण गर्नका लागि नगरमा देहाय वमोजिमको सेवा शुल्क निर्धारण समिति देहाय बमोजिम गठन हुनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| (ख) कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सहित तीन जना | -सदस्य |
| (ग) राजश्व प्रशासन महाशाखा/शाखा प्रमुख | -सदस्य |
| (घ) आर्थिक प्रशासन महाशाखा/शाखा प्रमुख | -सदस्य |
| (ङ) स्वस्थ्य महाशाखा प्रमुख | -सदस्य सचिव |

(२) दफा (१) को प्रयोजनका लागि सेवा शुल्क निर्धारण समितिको बैठक आवश्यकता अनुसार वस्नेछ ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) बैठकमा आवश्यकता अनुसार विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

२९. **मापदण्ड तथा अनुसूचीमा हेरफेर** नगरले यस निर्देशिकामा उल्लिखित मापदण्ड तथा अनुसूचीहरू आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

३०. शुल्क निर्धारण समिती मार्फत शुल्क निर्धारण नहुदासम्म नगरको राजश्व परामर्श समिती तथा नगर सभाले पारित गरेको शुल्क बमोजिम नै दर्ता, नविकरण तथा स्तरोन्नती हुनेछ ।

३१. **व्याख्या गर्नेअधिकार** : यस कार्यबिधिमा उल्लेखित कार्यान्वयनमा वाँधा आई परेमा नगरपालिकाले वाधा अड्काउ फुकाउनको निर्णय गरि कार्यान्वयन गर्ने छ ।

३२ **यो कार्यबिधि अनुसार हुने:** यो कार्यबिधि लागु हुनु भन्दा पहिले दर्ता तथा नविकरण गर्ने गरि भएका काम कारवाही यसै कार्यबिधि बमोजिम गरेको मानिने छ ।

३३. **स्वत** : अमान्य हुने : यस कार्यविधिको कुनै प्रावधान प्रचलित कानूनको कुनै व्यवस्थासंग बाझिएमा बाझिएको हदसम्म अमान्य भै प्रचलित कानुन वमोजिम हुनेछ ।

## अनुसूची १

पूर्वाधार, दर्ता, नबिकरण तथा स्तरोन्नती स्वीकृतिको प्रयोजनको लागि अनुगमन समिति सम्बन्धी व्यवस्था

| | |
|---|---|
| १. प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| २. पूर्वाधार शाखा प्रमुख | सदस्य |
| ३. मे.सु. शिशुवा अस्पताल | सदस्य |
| ४. कार्यक्रम अधिकृत (स्वास्थ्य शाखा) | सदस्य |
| ५. नर्सिङ अधिकृत (स्वास्थ्य शाखा) | सदस्य |
| ६. आयुर्वेद चिकित्सक (स्वास्थ्य शाखा) | सदस्य |
| ७. स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

नोटः समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञलाई समितिका सदस्यका रुपमा थप गर्न, अनुगमनमा समावेश गर्न तथा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।


पुनश्चः नगर कार्यपालिकाको कार्यालयमा सबै सदस्यहरु नभएको अवस्थामा स्वास्थ्य कार्यालय तथा जिल्लामा अवस्थित सरकारी अस्पतालका कर्मचारीहरुबाट सदस्य कायम गर्न सक्नेछ ।

## अनुसूची २

### भवन सम्बन्धी मापदण्ड

काठमाण्डौ उपत्यका बाहिर निर्माण गरिने स्वास्थ्य संस्थाका हकमा मापदण्डमा उल्लेख गरिएका भए सोही अनुसार तथा नभएका हकमा देहायका मापदण्ड अनुसार कायम गरिनुपर्नेछ ।

- अधिकतम ग्राउण्ड कभरेज - ४० प्रतिशत
- Floor Area Ratio (FAR) - २.५
- न्युनतम पार्किङ स्थल - जम्मा जग्गाका २५ पतिशत
- भवनका सेट ब्याक (Set Back) - कम्तिमा ३ मिटर भवनका चारैतिर
- लाईट प्लेन (Light Plane)- ६३.५ डिग्री



## अनुसूची ३

स्वास्थ्य संस्था स्थापना, नबिकरण, सेवा विस्तार वा स्तरोन्नतिका लागि अनुमति प्राप्त गर्न दिने निवेदन फाराम

**१. संस्थाको नाम :-** **शैया संख्याः-**

**२. साधारण सेवा/विशेषज्ञसेवा अस्पतालमा कुन हो उल्लेख गर्नेः-**

**३. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना ) :-**

अञ्चल :- वडा नं. :- टोल :-

जिल्ला :- व्लक नं. :- टेलिफोन न. :-

४. संस्था संचालन गर्ने व्यक्तिहरु :-

नाम :-

नागरिकता नं. :-

ठेगाना :-

फोन नं. :- मोबाइलनं. :-

५. संस्थाको वित्तीय स्रोत

क) नीजि : ख) शेयर ग) कर्जा : घ) सरकारी :

गैर सरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सो उल्लेख गर्ने :

**वित्तीय लगानी :-(लागत) रु.**

क. भवन तथा जग्गाका लागि :-

ख. औजार उपकरण :-

ग. जनशक्तिको लागि :-

**अचल सम्पत्तिका स्रोत :-**

**अनुमानित मुनाफा :-**

मासिक :- त्रैमासिक :- वार्षिक :-

६.नर्सिङ्ग होम तथा निजी अस्पतालको वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको बिवरण कुन-कुन सेवा पुऱ्याउने हो ? खुलाउने ।

<u>निदानात्मकसेवा</u> <u>प्रतिकारात्मकसेवा</u> <u>उपचारात्मकसेवा</u> <u>अन्य सेवा</u>

एक्स-रे खोप प्रसूति तथा स्त्रीरोग एम.सि.एच क्लिनिक परिवार नियोजन

प्याथोलोजी ल्याव आहार विहार जनरल मेडिसिन अल्ट्रासाउण्ड जनरल, सर्जिकल, विशेषज्ञसेवा जस्तै :- इण्डोस्कोपी प्रसुति, सेवा,मृगौला रोग,स्नायु,दन्त, ई.सी.सी.,ट्रेडमील प्रयोगशाला सर्जिक सेवा तथा रुजाहरव्यवस्थापन

७. संस्थामा प्रयोग हुने आवश्यक मुख्य उपकरणहरुको बिवरण तथा स्रोत :-

| | | |
|---|---|---|
| (क) | (ख) | (ग) |
| (घ) | (ङ) | (च) |
| (छ) | (ज) | (झ |

८. संस्थामा सेवा पुऱ्याउने कर्मचारीहरुका बिवरण सम्बन्धित मापदण्ड अनुसार :-

(क) विशेषज्ञ :-

| नाम | पद | योग्यता | पार्टटाईम | फुलटाईम |
|---|---|---|---|---|

(ख)प्राविधिक :-

| नाम | पद | योग्यता | पार्टटाईम | फुलटाईम |
|---|---|---|---|---|

(ग)प्रशासनिक:-

| नाम | पद | योग्यता | पार्टटाईम | फुलटाईम |
|---|---|---|---|---|

नोटः

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा संचालन गर्न पाईनेछ ।

२) उपर्युक्त बमोजिम केकति कर्मचारीहरुका संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनु पर्ने ।

३) सबै शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने ।

४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएको हुनु पर्ने, सम्बन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने ।

६) नेपाल सरकारमा कार्यरतकर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ अनुसारका स्वीकृतिपत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने । तर नगर अर्न्तगतका कर्मचारीहरुको हकमा नगरपालिका बाट स्वीकृती लिएको हुनु पर्नेछ ।

७) प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउने

अनुसुचि ४

स्वास्थ्य क्लिनिक/रेडियो ईमेजिङ सेवा/पोलिक्लिनिक सञ्चालनअनुमति माग गर्ने निवेदन फाराम

१. संस्थाको नाम :- शैया संख्या :-

२. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना) :-

अञ्चल :- वडा नं. :- टोल :-

जिल्ला :- ब्लक नं. :- टेलिफोन न. :-

पो.व.नं. :-

३. संस्था खोल्ने व्यक्तिहरु :-

नाम :-

नागरिकता :-

ठेगाना :- फोन नं. :-

४. संस्थाको वित्तीय स्रोत :-

क. निजी :- ख. शेयर कर्जा :- ग. वैदेशिक :-

घ. गैर सरकारी :- ङ. सामुदायिक :- च. अन्य

५. संस्थाको क्षमता तथा बिस्तृत कार्य योजना :-

सेवा प्रदान गर्ने क्षेत्रहरु :

निदानात्मक सेवा प्रतिकारात्मक सेवा उपचारात्मक सेवा एक्स-रे खोप प्रसूति तथा स्त्रीरोग अल्ट्रासाउण्ड एम.सि.एच. जनरल मेडिसिन इण्डोस्कोपी परिवार नियोजन सेवा जनरल सर्जिकल विशेषज्ञ सेवा जस्तै :- ई.सी.सी.,ट्रेडमील प्रयोगशाला आँखा,नाक, मुटु, मृगौला स्नायुरोग ईत्यादि अन्य सेवा :- फार्मेसी

६. सेवा शुल्क .अलग र स्पष्टसँग) खुलाउने :-

७. संस्थामा सेवा हुने आवश्यक उपकरणहरुको बिवरण तथा स्रोत :-

८. संस्थामा सेवा पुऱ्याउने जनशक्ति बिवरण :-

संख्या/योग्यता/अनुभव/पार्टटाईम/फूलटाईम/अन्य सुविधा

सामान्य चिकित्सक :

विशेषज्ञ चिकित्सक :

अन्य प्राविधिक :

# अनुसुचि ५

## स्वास्थ्य संस्था सञ्चालनका लागि निवेदन दिदा सङ्लग्न गर्नु पर्ने कागजातहरु

१. निवेदन फारम

२. कम्पनी दर्ता/संस्था दर्ताको प्रमाणित प्रतिलपि

३. संस्था/कम्पनीको विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि

४. स्थायीलेखा दर्ताप्रमाण-पत्रकाप्रतिलपि

५. स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने सम्बन्धित वडाको सिफारिस पत्र

६. अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धी विवरण

(क) बायाडाटा (ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि

(ग) प्राविधिक कर्मचारीहरुल सम्बन्धित काउन्सिलका दर्ताप्रमाण-पत्रका प्रतिलिपि

(घ) नागरिकता प्रमाणपत्रका प्रतिलिपि

(ङ) जनशक्तिहरुको काम गर्ने समय (पार्ट टाइम/फुल टाइम किटान गर्नु पर्नेछ)

(च) मञ्जुरीनामा/कबुलियतनामा

७. औजार उपकरणकाबिवरण तथा स्रोत

८. सम्पूर्ण सेवा शुल्क बिवरण

९. भौतिक सामग्रीको बिवरण

१०. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वावातावरणीय प्रभाव मूल्यांकन (EIA) स्वीकृति पत्रका प्रतिलिपी ( अस्पतालको हकमा मात्र लागु हुने)

११. अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव

१२. अस्पतालको आर्थिक नियमावली

१३.लिने सेवा शुल्क विवरण र गरीब तथा असहायलाई छुट दिने नीति

१४. प्रदान गरिने सेवाको विवरण

१५. जग्गा/घरको स्वामित्व

१६. घर/कोठा बहालमा लिइ सञ्चालन गर्ने भए घर बहाल सम्झौता-पत्र र भवन स्वास्थ्य संस्था संचालन गर्न राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धि सिफारिश पत्र

१७. भवनको स्वीकृत नक्सा

१८.संस्थाको चल अचल सम्पत्ति बिवरण तथा वित्तीय स्रोत

१९.संस्थाको कार्य योजना (Scheme)

२०.एव्ल्मा दर्ता नम्वर:

२१. कर चुक्ता प्रमाण पत्र (लागु हुने अवस्थामा मात्रै)

घर्नेसौता नगरपालिका

२२. लेखापरीक्षण प्रतिवेदन (लागु हुने अवस्थामा मात्रै)

२३. बिरामी बडापत्रको नमुना

२४. सम्बन्धित निकायको भवन संहिता सम्बन्धी स्वीकृति पत्र

२५. रु. १० को हुलाक टिकट

२६. मूल्य अभिबृद्धि कर वा आयकरमा दर्ता भएको प्रमाणपत्र

२७. भवन निर्माण सम्पन्न प्रमाणपत्र

२८. फोहरमैला व्यवस्थापन बिबरण

२९. व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी

अनुसूची ६

स्वास्थ्य संस्था स्थापना तथा नवीकरण अनुमति दस्तुर

| सि.नं. | संस्थाका किसिम | शुल्क निर्धारण इकाइ | दस्तुर रकम रु. | नवीकरणका लागि दस्तुर |
|---|---|---|---|---|
| १ | अस्पताल तथा नर्सिङ होम | शैया संख्या | रु ४,००० | प्रति शैया रु ५००।- |
| २ | डायग्नोस्टिक सेन्टर | शैया संख्या | रु १०,००० | प्रति शैया रु १०००।- |
| ३ | पोलिक्लिनिक | शैया संख्या | रु १०,००० | प्रति शैया रु १०००।- |
| ४ | आयुर्वेद अस्पताल | शैया संख्या | रु ४,००० | प्रति शैया रु ५००।- |
| ५ | आयुर्वेद क्लिनिक | शैया संख्या | रु २,००० | प्रति सेवा रु ५००।- |
| ६ | क्लिनिक | शैया संख्या | रु ५,००० | प्रति शैया रु १०००।- |

नोटः नेपाल सरकारललेतोकेका दुर्गम क्षेत्रमा स्वास्थ्य संस्था स्थापना वा बिस्तार गरेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरि माथि उल्लिखित दस्तुरमा क बर्गका लागि पचहत्तर प्रतिशत, ख बर्गका लागि पचास प्रतिशत र ग बर्गका लागि पच्चिस प्रतिशत छुट दिईनेछ ।

## अनुसूची ७

### स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको विरामी बडापत्रको ढाँचा

| स.न. | शखा | प्रदान गरिने सेवा विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क ब्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची ८

### स्वास्थ्य संस्थाबाट आकस्मिक सेवाको लागि चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरणको ढाँचा

| क्र.सं | स्वास्थ्यकर्मीको नाम | पद | समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले
श्याम प्रसाद यादव
नि.प्रमुख प्रशासकिय अधिकृत
मिती २०७८।०२।२५

पचरौता नगरपालिका